स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित फिल्म "म मदनकृष्ण"मा वर्षा राउत भित्रिएकी छन्। निर्माण टिमका अनुसार उनी हरिवंश आचार्यको श्रीमतीको भूमिकामा देखिनेछिन्। वर्षा र अरुणले पहिलो पटक एकसाथ अभिनय गर्न लागेका हुन्। उनले गत वर्ष राष्ट्रिय फुटबल टिमकी गोलरक्षक तथा क्याप्टेन अञ्जिला तुम्बाप्पेको बायोपिक फिल्म "अञ्जिला" निर्माण गरेका थिए।

आजको विचार...



सुकुमवासी...
(दुई पेजमा)

डा. दिपेश घिमिरे

२०७९ सालमा प्रदर्शन भएको फिल्म "झिँगेदाउ"लाई देउरानी र जेठानीको झगडाले नै सुपरहिट बनायो। अब यो फिल्मको दोस्रो श्रृंखला (सिक्वेल) असोज २ गतेबाट प्रदर्शनमा आउँदैछ। गत बुधबार सार्वजनिक भएको टिजर हेर्दा सिक्वेलले पनि दर्शकलाई आकर्षित गर्ने छनक देखाएको छ। घरायसी झगडादेखि भावनात्मक पक्षसम्म टिजरमा सशक्त देखिएको छ। टिजर रिलिजसँगै युट्युबमा भ्युजको बाढी नै आएको छ। त्यसमा दर्शकको उत्साह झल्किएको छ।

❐ वर्ष ३२ ❐ अंक २७ ❐ २०८३ साउन २७ गते बुधबार 12 August 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कोलम्बिया भूकम्प : मृतकको संख्या १३२ पुग्यो

काठमाडौं,साउन २६/कोलम्बियामा ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प जाँदा कम्तीमा १३२ जनाको मृत्यु भएको छ भने सयौं मानिस अझै बेपत्ता छन्। प्रारम्भिक विवरणमा सरकारले १११ जनाको मृत्यु र ८७ जना घाइते भएको जनाएको थियो। तर कोलम्बियन एसोसिएसन अफ क्यापिटल सिटिजकाअनुसार मृतकको संख्या १३२ पुगेको छ भने ५७० जना घाइते भएका छन्। कोलम्बियन जियोलोजिकल सर्भिसका अनुसार सोमबार गएको उक्त भूकम्प यो शताब्दीमा कोलम्बियामा गएको सबैभन्दा शक्तिशाली भूकम्प हो।

भूकम्पका कारण पश्चिमी कोलम्बियाका काली, पेरेइरा, क्विब्दो र मानिजालेससहितका शहरमा ठूलो क्षति पुगेको छ। भूकम्पको धक्का छिमेकी इक्वेडर र पानामासम्म महसुस गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षण (यूएसजीएस)का अनुसार भूकम्पको केन्द्रबिन्दु राजधानी बोगोटाबाट करिब ४०० किलोमिटर पश्चिममा रहेको चोको क्षेत्रको सान होसे डेल पालमारमा थियो। भूकम्प १०७ किलोमिटर गहिराइमा गएको बताइएको छ ।

# पाइला श्रीनगरतिर, सिकाइ जीवनतिर

## प्रकृतिको काखमा रमाउँदै, सिक्दै प्यारागनका स्काउट विद्यार्थी

**रामचन्द्र रायमाझी**

पाल्पा, साउन २६/बिहानीको उत्साह, काँधमा झोला, आँखामा गन्तव्यको उत्सुकता । अनि समूहमा एकअर्कालाई हौसला दिँदै अघि बढिरहेका विद्यार्थीका पाइला । यो कुनै सामान्य घुमफिरको यात्रा थिएन । यो थियो–सिक्दै, रमाउँदै र चुनौतीसँग जुध्दै अघि बढ्ने यात्रा ।

पाल्पा प्यारागन इङ्लिस बोर्डिङ स्कुलको स्काउट ट्रूपका विद्यार्थीहरू श्रीनगरडाँडातर्फ उकालो लाग्दा उनीहरूको यात्रामा उत्साहसँगै जिम्मेवारी पनि थियो । प्रकृतिको सुन्दरता नियाल्दै अघि बढेका विद्यार्थीहरूले बाटोमा आउने कठिनाइलाई सामूहिक प्रयासबाट पार गर्दै हाइकिङ पूरा गरेका छन् । विद्यार्थीहरूमा अनुशासन, नेतृत्व क्षमता, आत्मविश्वास, सहकार्य र प्रकृतिप्रतिको प्रेम विकास गर्ने उद्देश्यले विद्यालयको स्काउट ट्रूपले हाइकिङ कार्यक्रम आयोजना गरेको हो ।



हाइकिङमा सहभागी विद्यार्थीहरूले श्रीनगर डाँडाको मनोरम प्राकृतिक दृश्यको अवलोकन गर्दै रमाइलोसँगै व्यवहारिक सिकाइसमेत हासिल गरेका थिए । उकालो तथा केही कठिन बाटोमा यात्रा गर्दा विद्यार्थीहरूले एकअर्कालाई साथ र सहयोग गर्दै अघि बढेका थिए ।

कसैलाई अप्ठ्यारो पर्दा हात थाम्ने, समूहका सबै सदस्यलाई सँगै अघि बढाउने र निर्धारित गन्तव्यसम्म सामूहिक रूपमा पुग्ने अभ्यासले विद्यार्थीहरूमा सहयोग, भाइचारा, धैर्यता र जिम्मेवारीबोध थप बलियो बनाएको थियो । स्काउट गतिविधिको मूल मर्मअनुसार हाइकिङका क्रममा विद्यार्थीहरूले अनुशासन र नेतृत्वलाई व्यवहारमै उतारेका थिए ।

समूहमा विभाजित भएर यात्रा गर्दा उनीहरूले नेतृत्व गर्ने, साथीहरूको हेरचाह गर्ने तथा चुनौतीपूर्ण परिस्थितिमा संयमित भएर निर्णय लिने अभ्याससमेत गरेका थिए । हाइकिङ केवल गन्तव्यमा पुग्ने यात्रा मात्र नभई विद्यार्थीका लागि प्रकृतिबाट सिक्ने अवसरसमेत बनेको स्कुलका प्रिन्सिपल गंगा बहादुर खत्रीले बताए । कसैलाई अप्ठ्यारो पर्दा अर्को साथीको साथ, थाकेकालाई हौसला र पछाडी परेकालाई पर्खिंदै अघि बढ्ने संस्कारले हाइकिङलाई अझ अर्थपूर्ण बनाएको उनको भनाई छ । प्रिन्सिपल खत्रीले भने "यस यात्राले विद्यार्थीलाई एउटा महत्वपूर्ण पाठ सिकायो–गन्तव्यमा एक्लै पुग्नु ठूलो कुरा होइन, सबैलाई साथ लिएर गन्तव्यसम्म पुग्नु अझ ठूलो उपलब्धि हो ।"

श्रीनगरडाँडाको प्राकृतिक सौन्दर्य नियाल्दै विद्यार्थीहरूले वातावरण संरक्षणको महत्वबारे समेत जानकारी हासिल गरेका थिए । प्राकृतिक क्षेत्रमा फोहोर नगर्ने, वातावरण स्वच्छ राख्ने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने विषयमा उनीहरूलाई सचेत गराइएको प्रिन्सिपल खत्रीले बताए । प्राकृतिक क्षेत्रमा फोहोर नगर्ने, वातावरण स्वच्छ राख्ने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने प्रतिबद्धता विद्यार्थीले गरेका छन् ।

स्काउट केवल पोसाक र अनुशासनमा सीमित गतिविधि होइन । यसले विद्यार्थीलाई व्यवहारिक जीवनका लागि तयार पार्ने अवसर पनि दिन्छ भन्ने सन्देश व्यवहारमा उतार्नका लागि पनि हाइकिङ महत्वपूर्ण बन्ने प्रिन्सिपल खत्रीले विश्वास व्यक्त गरे । विद्यालयका स्काउट शिक्षक रामप्रसाद तिमिल्सिना, ढाकामाया राना र धनी रानाको संयोजनमा कार्यक्रम सञ्चालन भएको थियो । शिक्षकहरूको मार्गदर्शनमा विद्यार्थीहरूले अनुशासित र व्यवस्थित रूपमा हाइकिङमा सहभागिता जनाएका थिए । हाइकिङले विद्यार्थीलाई कक्षाकोठाभित्रको सैद्धान्तिक ज्ञानभन्दा बाहिर गएर अनुभवबाट सिक्ने अवसर प्रदान गरेको स्काउट शिक्षक रामप्रसाद तिमिल्सिनाले बताए । शारीरिक सक्रियता, आत्मअनुशासन, नेतृत्व, सहकार्य, आत्मविश्वास र प्रकृतिप्रतिको सम्मान विकासमा यस्ता गतिविधिले महत्वपूर्ण भूमिका खेल्ने उनले उल्लेख गरे ।

# १५ किलोमिटर सडक कालोपत्रे

**दाङ,** साउन २६/ दाङको देउखुरीस्थित राप्ती गाउँपालिकामा निर्माणाधीन राप्ती चक्रपथको हालसम्म १५ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ । विसं २०७४ देखि निर्माण सुरु गरिएको भए पनि सुरुका वर्षमा बजेट अभावका कारण कामले गति लिन सकेको थिएन । दोस्रो कार्यकालमा निर्वाचित जनप्रतिनिधिले चक्रपथ निर्माणलाई प्राथमिकता दिएको र तीनै तहका सरकारले बजेट विनियोजन गरेपछि आयोजनाले गति लिएको हो ।

इन्जिनियर अशोक बेल्वासेका अनुसार हालसम्म गाउँपालिकाले २० करोड, संघीय सरकारले आठ करोड र लुम्बिनी प्रदेश सरकारले एक करोड गरी कुल २९ करोड खर्च भइसकेको छ । उनका अनुसार चालु आर्थिक वर्षमा पनि तीनै तहका सरकारले सो आयोजनाका लागि बजेट विनियोजन गरेका छन् । जसअनुसार गाउँपालिकाबाट एक करोड ६० लाख, संघीय सरकारबाट तीन करोड र लुम्बिनी प्रदेश सरकारबाट ३० लाख विनियोजन भएको छ । बहुवर्षीय योजनाअन्तर्गत निर्माण सुरु गरिएको चक्रपथको राप्ती गाउँपालिका-६ मजेरियादेखि वडा नं २ कोखुलियासम्मको सडक कालोपत्रे सम्पन्न भएको छ । दक्षिणतर्फको सडक स्तरोन्नतिको काम पनि भइरहेको छ । चक्रपथको दक्षिणतर्फ लमही नगरपालिका-१ सुनपुर, पूर्वतर्फ पाखापानी र उत्तरतर्फ सिङ्गोनालाई आधार बनाएर सडक निर्माणको काम भइरहेको छ । यस वर्ष उत्तरतर्फबाट पनि काम अघि बढाउने तयारी गरिएको गाउँपालिका अध्यक्ष प्रकाश विष्टले जानकारी दिए । उनले राप्ती चक्रपथ गाउँपालिकाको गौरवको योजनाका रूपमा रहेको बताउँदै निर्माण सम्पन्न भएपछि यस क्षेत्रको यातायात र आर्थिक गतिविधिमा थप सहजता आउने विश्वास व्यक्त गरे । **-रासस**

# रामपुरका स्वास्थ्य संस्थाको वार्षिक समीक्षा

**पाल्पा,** साउन २६/जिल्लाको रामपुर नगरपालिकाले नगरभित्र सञ्चालित स्वास्थ्य सेवाको अवस्था, उपलब्धि र चुनौतीबारे वार्षिक समीक्षा गरेको छ । आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिका स्वास्थ्य शाखाअन्तर्गतका १६ वटा स्वास्थ्य संस्था, रामपुर अस्पताल तथा स्वास्थ्य शाखाले सञ्चालन गरेका कार्यक्रम र प्रवाह गरेका स्वास्थ्य सेवाको समीक्षा गरिएको हो ।



समीक्षाका क्रममा स्वास्थ्य संस्थाको भौतिक अवस्था, पोषण कार्यक्रम, गर्भवती महिलाको स्वास्थ्य तथा पोषण, औषधिको उपलब्धता र वितरण, मातृ तथा नवशिशु स्वास्थ्य, ज्येष्ठ नागरिक तथा विद्यार्थीको स्वास्थ्य परीक्षणलगायत विषयमा छलफल गरिएको थियो । कार्यक्रममा सहभागी स्वास्थ्यकर्मी तथा सरोकारवालाले स्वास्थ्य संस्थाको भौतिक संरचनामा थप सुधार आवश्यक रहेको बताएका थिए । त्यसैगरी आरडिटी किटको अभावका कारण बिरामीको परीक्षणमा समस्या हुने गरेको भन्दै आवश्यक किटको उपलब्धता सहज बनाउनुपर्नेमा उनीहरूले जोड दिएका थिए । नगर प्रमुख रमणबहादुर थापाले स्वास्थ्य सेवामा भौतिक संरचनाको विकाससँगै सेवाको गुणस्तरलाई प्राथमिकता दिनुपर्ने बताए । परिणाममुखीभन्दा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ध्यान दिन आग्रह गर्दै उनले स्वास्थ्यकर्मीलाई लगनशील भएर नागरिकको मन जित्ने गरी सेवा प्रदान गर्न निर्देशन दिए । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले नागरिकको आवश्यकता पहिचान गरी सोहीअनुसार सेवा प्रवाह गर्नुपर्ने बताए । निमित्त प्रमुख प्रशासकीय अधिकृत चेमनप्रकाश पोखरेलले आधारभूत स्वास्थ्य सेवामा विशेष ध्यान दिँदै स्वास्थ्यका सूचक पूरा हुने गरी काम गर्नुपर्ने बताए । स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा रामपुर नगरपालिका स्वास्थ्य शाखाअन्तर्गतका स्वास्थ्य संस्थाबाट २४ हजार १ सय ३५ जनाले स्वास्थ्य जाँच तथा उपचार सेवा लिएका छन् । सो अवधिमा २ सय २७ जनाले संस्थागत सुत्केरी सेवा लिएका छन् । त्यस्तै, मेरुदण्ड पक्षघातका ४ जना, मिर्गौला डायलासिस गराइरहेका २५ जना र क्यान्सरका ७९ जना गरी १ सय ८ जनालाई मासिक ५ हजार रुपैयाँका दरले नियमित औषधि तथा उपचार खर्च उपलब्ध गराइएको घिमिरेले जानकारी दिए । स्वास्थ्य शाखाले सोही अवधिमा ३ हजार ९ सय ९५ जनाको नसर्ने रोगसम्बन्धी स्क्रिनिङ गरेको छ । विभिन्न विद्यालयमा १ हजार १ सय ८८ जना विद्यार्थीको रक्तअल्पता परीक्षण तथा ४ सय ९९ जना महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सेवा पनि प्रदान गरिएको उनले बताए । नर्सिङ अधिकृत पुनम धितालको सञ्चालनमा कार्यक्रम भएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## युवाको ऊर्जा : राष्ट्र निर्माणको आधार

आज १२ अगस्त अर्थात् अन्तर्राष्ट्रिय युवा दिवस, विश्वभरकाराष्ट्रहरुले उत्सवका रुपमा मनाउने गर्दछन् । सन् १९९९ देखि संयुक्तराष्ट्रसंघको आह्वानमा युवाका मुद्दाहरुलाई स्थापित गर्नर युवाका सवालहरुमा विश्वका सरकार तथा सरोकारवालालाई सचेत तथा जागरूक गराउन यो दिवस घोषणा गरिएको हो । यो दिवसले अन्तर्राष्ट्रिय जगत्लाई सकारात्मक दिशातर्फ लैजान उन्मुख गराउनुका साथै युवा सहभागितालाई थप सक्रिय गर्दै नवप्रवर्तनात्मक उपाय खोजी गर्न पनि प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ ।

युवाहरुराष्ट्रका भविष्य हुन् । हरेक परिवर्तनहरुमा युवाहरुको प्रमुख भूमिकारहेको हुन्छ । तर, विगतमा युवार उनीहरुका सरोकारका विषयलाईराज्यका नीति, कानुन एवम् कार्यक्रमले सहीरुपमा सम्बोधन गर्न नसकेका कारण युवाहरु अवसरको खोजीमा विदेश जानेर उतै पलायन हुने समस्या छ । यसबाट विज्ञर विशेषज्ञको सेवा तथा ऊर्जाबाट मुलुक वञ्चित हुन पुगेको छ । जनशक्तिको मागर शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्दा पनि धेरै युवाहरु बेरोजगार हुनु परेको छ ।र, त्यसको समाधान खोज्न युवाहरु बिदेसिएका छन् ।राष्ट्रनिर्माणमा सबै उमेरर अवस्थाका व्यक्तिहरुको भूमिका महत्वपूर्ण मानिने सन्दर्भमा युवाहरुको भूमिकालाई अझ अर्थपूर्णर क्रियाशीलरुपमा हेरिन्छ । त्यसैले युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमीर जिम्मेवार नागरिकको रुपमा विकसित हुने अवसरराज्यले सिर्जना गर्न सक्नुपर्छ ।रोजगार बजारमा उपलब्ध दक्षर योग्य युवालाई देशभित्र अवसर सिर्जना गर्न नसक्नुराज्यको कमजोरी हो । दिवस युवाको भूमिका, सम्भावना, चुनौतीर अधिकारबारे बहस गर्ने महत्वपूर्ण अवसर हो । युवा कुनै पनिराष्ट्रका वर्तमान मात्र होइनन्, भविष्यका मुख्य आधार पनि हुन् । समाजमा परिवर्तन ल्याउने ऊर्जा, नयाँ सोचर सिर्जनशीलता युवामै निहित हुन्छ । त्यसैले युवालाई केवल भविष्यका कर्णधारका रूपमा हेरेर पुग्दैन, वर्तमानका निर्णायक साझेदारका रूपमा स्थापित गर्न आवश्यक छ । देशको आर्थिक, सामाजिक,राजनीतिकर प्राविधिक रूपान्तरणमा युवाको योगदान निर्णायक हुन सक्छ । सूचना प्रविधि, उद्यमशीलता, कृषि, पर्यटन, शिक्षा, विज्ञान तथा नवप्रवर्तनलगायतका क्षेत्रमा युवाले नयाँ सम्भावनाको ढोका खोलिरहेका छन् । तर सम्भावनासँगै चुनौती पनि उत्तिकै गम्भीर छन् । देशभित्र पर्याप्तरोजगारीको अभाव, सीपअनुसारको अवसर नहुनु, गुणस्तरीय शिक्षामा असमान पहुँच, बढ्दो वैदेशिक पलायनरराजनीतिक तथा सामाजिक क्षेत्रमा युवाको सार्थक सहभागिताको कमी आजका प्रमुख चुनौती हुन् । रोजगारीर अवसरको खोजीमा ठूलो संख्यामा युवा विदेशिनुपर्ने अवस्था केवल व्यक्तिगत बाध्यता होइन,राष्ट्रको विकाससँग जोडिएको गम्भीर प्रश्न हो । युवाको श्रम, सीपर सिर्जनशीलता देशभित्रै उपयोग गर्न सक्ने वातावरण बनाउनराज्य गम्भीर हुनैपर्छ । यसो भयो भने मात्र हरेक वर्ष मनाइने दिवसले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

"किताबले त केवल अक्षर चिन्न सिकाउँछ,
बाँच्ने वास्तविक तरिका त समय र परिस्थितिले सिकाउँछ ।"
*(सुवास रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Suwas.Rana)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुकुमवासी समाधानको वैकल्पिक बाटो



डा. दिपेश घिमिरे

नेपालमा सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या वर्षौंदेखि बल्झिरहेको छ । वर्तमान सरकार गठनसँगै देशभरका नदी किनारामा बसोबास गर्ने सुकुमवासी तथा अव्यवस्थित बसोबासी बस्ती हटाएपछि यो समस्याले राष्ट्रिय बहसको रूप लिएको छ । राज्यले तत्काल कुनै पनि विकल्प नदिई र न्यूनतम मानवीयतालाई समेत ख्याल नगरी यस्ता बस्तीमा जबर्जस्ती डोजर चलायो । वैकल्पिक व्यवस्था गरी अतिक्रमण नियन्त्रण गरेको भए नागरिकले शासनमा करुणाभावको अनुभूति गर्ने थिए । तर त्यस्तो भएन । नागरिकको आधारभूत अधिकारलाई समेत ख्याल नगरी सार्वजनिक जग्गा संरक्षण, नदी, सडक तथा जोखिम क्षेत्र अतिक्रमण नियन्त्रण गर्ने कार्य गऱ्यो । यसपछि वास्तविक सुकुमवासीको पहिचान गरी उनीहरूलाई भूमि उपलब्ध गराउनको लागि नेपाल सरकारले भूमि समस्या समाधान समिति गठन गरेको छ । अब कुरा उठ्छ यसरी बलपूर्वक हटाइएका सुकुमवासीलाई केही आना जग्गा उपलब्ध गराउने नीतिले दशकौंदेखि जरा गाडेको यो समस्याको दीर्घकालीन समाधान गर्न सक्छ ? नेपालमा विगत लामो समयदेखि सुकुमवासी समस्या समाधानका प्रयत्नहरू भइरहेका छन् । यसक्रममा दर्जनौं आयोग गठन भए । तथ्यांक संकलन भए । जग्गा वितरणका कार्यक्रमहरू सञ्चालन भए । तर समस्या जस्ताको तस्तै छ । कुनै समाधानमा पुग्न सकेन । यसको खास कारण भनेको राज्यले सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई पूर्ण रूपमा भूमि समस्याका रूपमा मात्र लिनु रहेको छ । यो त बसाइँसराइ, शहरीकरण, सामाजिक बहिष्करण, गरिबी, आवास सुरक्षा, आन्तरिक द्वन्द्व विस्थापन र सामाजिक न्यायसँग सम्बन्धित बहुआयामिक समस्या हो । सुकुमवासी भनेको जग्गा नभएको व्यक्ति मात्र होइन । ऊ त राज्यको औपचारिक आवास प्रणालीबाट बाहिर परेको, अनौपचारिक श्रम बजारमा निर्भर रहेको, आर्थिक अवसरको खोजीमा शहर आएको, विगतमा आन्तरिक द्वन्द्वको कारण विस्थापनमा परेको, गरिबीको अवस्था भोगिरहेको तथा सामाजिक सुरक्षाको अभावमा रहेको नागरिक हो । त्यसैले यसको समाधान पनि कसलाई कति जग्गा दिने भन्ने प्रश्नबाट नभई हरेक नागरिकलाई कसरी सम्मानजनक, सुरक्षित र दिगो आवासको सुनिश्चितता गर्ने भन्ने प्रश्नबाट खोजिनु आवश्यक छ । नेपालको संविधानको धारा ३७ ले आवासको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । संविधानको उक्त धाराले प्रत्येक नेपाली नागरिकलाई उपयुक्त आवासको अधिकार प्रदान गरेको छ । तर संविधानमा भूमि सम्बन्धी हक छैन । न त प्रत्येक नागरिकलाई निश्चित क्षेत्रफलको जग्गा उपलब्ध गराउने वा राज्यले अनिवार्य रूपमा भूमि स्वामित्व दिनुपर्ने व्यवस्था नै गरेको छ । यसको सिधा अर्थ हो राज्यको मुख्य जिम्मेवारी र दायित्व भनेको नागरिकलाई सुरक्षित तथा मर्यादित आवास उपलब्ध गराउनु रहेको छ । आवास अधिकारको अन्तर्राष्ट्रिय दृष्टिकोण तथा मान्यताले पनि यसै कुरामा जोड दिएको देखिन्छ । संयुक्त राष्ट्रसंघको पर्याप्त आवासको अधिकार सम्बन्धी अवधारणाले आवास भन्नाले केवल बस्ने ठाउँ मात्र नभई सुरक्षा, पहुँच, सेवासुविधा, सामाजिक सम्मान र रोजगारीसँगको सम्बन्ध पनि समेटिएको छ । यस दृष्टिकोणलाई आधार मान्ने हो भने नेपालमा सुकुमवासी तथा अव्यवस्थित बसोबासीको बहसलाई भूमि वितरण मोडलबाट सुरक्षित आवास मोडलतर्फ लैजान अत्यावश्यक छ । नेपालका ग्रामीण क्षेत्रका कतिपय भूमिहीन परिवारलाई जीविकोपार्जनसँग जोडिएको जग्गा सहित आवास उपलब्ध गराउनु उपयुक्त मोडल हुन सक्छ । यद्यपि उनीहरूलाई नागरिकता अनुसार सम्बन्धित जिल्ला फिर्ता गर्ने नीति पनि अत्यन्तै अव्यावहारिक छ । यसले झन् समस्या बल्झाउँछ, समाधान दिँदैन । साथै काठमाडौं महानगरपालिका जस्ता शहरी क्षेत्रमा बसोबास गर्ने सबै भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई केही आना जग्गा वितरण गर्ने नीति आफैंमा अत्यन्तै अव्यावहारिक देखिन्छ । यसको पछाडि केही कारण छन् । पहिलो, काठमाडौं जस्ता शहरी क्षेत्रमा भूमि अत्यन्तै सीमित छ । सरकारी सार्वजनिक जग्गाको कमी छ भने निजी जग्गाको मूल्य अत्यन्तै महँगो छ । सयौं परिवारलाई छुट्टाछुट्टै घडेरी नै मात्र पनि उपलब्ध गराउन ठूलो मात्रामा सार्वजनिक भूमि आवश्यक पर्ने देखिन्छ । झन् जीविकोपार्जन सहित हुने गरी जग्गा उपलब्ध गराउने हो भने सम्भव नै छैन । दोस्रो, शहरभित्र तीन-चार आनाका टुक्रे जग्गा उपलब्ध गराउने हो भने यसले शहरको अनियन्त्रित विस्तारलाई झनै बढावा दिन्छ । तेस्रो, यसले भविष्यमा फेरि सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई नयाँ किसिमबाट पुनरुत्पादन गर्दछ । चौथो, शहरको बीचमा राज्यले जग्गा दिन नसक्ने, शहरको कुनामा दिएको जग्गासँग रोजगारीको अभावको कारण सुकुमवासी बस्न नसक्ने नियति दोहोरिन सक्छ । पाँचौं, जग्गा दिएर मात्र सुकुमवासीले आर्थिक कारणले घर बनाउन सक्ने अवस्था पनि नरहन सक्छ । जग्गा दिएर पनि उनीहरूको आवासको अधिकार सुनिश्चित हुने देखिँदैन । यसरी हेर्दा काठमाडौं सहितका प्रमुख शहरी क्षेत्रका सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानको आधार जग्गा स्वामित्व होइन, सुरक्षित आवास पहुँच सुनिश्चित गरिनु आवश्यक छ ।

**पहिचानको समस्या**

वास्तवमा सुकुमवासी पहिचान नै अहिलेको सबैभन्दा जटिल समस्या हो । वाध्यतावश सार्वजनिक जग्गामा बसोबास गर्न पुगेका, वास्तविक सुकुमवासी भूमिहीन, अवसरवादी रूपमा सार्वजनिक जग्गा कब्जा गर्ने समूहलाई नछुट्याएसम्म यो कार्य अगाडि नै बढ्न सक्दैन । यस कार्यका लागि केवल नागरिकता वा बसोबासको अवधि मात्रै पर्याप्त हुँदैन । बरु यसको लागि बहुआयामिक गरिबी मूल्यांकन आवश्यक हुन्छ । यस अन्तर्गत परिवारको सामाजिक जोखिमको अवस्था, रोजगारीको अवस्था, वार्षिक आम्दानी, अन्यत्र घर वा जग्गा भए/नभएको, बैंक बचतको अवस्था, आवासको अवस्था, स्वास्थ्य तथा शिक्षाको पहुँचको अवस्था लगायत सवालहरूको मिहिन रूपमा मूल्यांकन गर्नुपर्ने हुन्छ । विशेषगरी दलित, एकल महिला, अपांगता भएका व्यक्ति, अत्यन्त विपन्न परिवार, आदिवासी जनजाति, ज्येष्ठ नागरिक लगायतलाई पहिचानको क्रममा प्राथमिकतामा राख्न आवश्यक हुन्छ । सुकुमवासी समस्या समाधानमा विगतको सबैभन्दा कमजोरी भनेको विश्वसनीय तथ्यांकको अभाव हो । त्यसैले सरकार यसको समाधान चाहन्छ भने डिजिटल र पारदर्शी पहिचान प्रणालीको विकास गर्नुपर्दछ । राष्ट्रिय परिचयपत्र प्रणाली, बैंकिङ सूचनासँग समन्वय, सामाजिक सुरक्षा प्रणाली, नागरिकता वितरण, वायोमेटिक तथ्यांक, मालपोत तथा नापी अभिलेख लगायत कार्यहरूमा विशेष ध्यान दिनु जरुरी छ । खासगरी स्थानीय तहको सहभागितामा वडा कार्यालय, स्थानीय टोल विकास संस्था तथा समुदायको सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम मार्फत वास्तविक लाभग्राही पहिचान गरिनुपर्दछ । यसरी पहिचान गरिएको अन्तिम सूची सार्वजनिक गरी नागरिकलाई उजुरी गर्न मिल्ने अवसर पनि दिइनुपर्दछ । यो ग्रामीण क्षेत्रको लागि उपलब्ध दृष्टिकोण हो । शहरी क्षेत्रमा यसरी जग्गा वितरण गर्नु भन्दा सामाजिक आवासको मोडलमा जानु उपयुक्त हुन्छ । यसका पछाडि केही कारण रहेका छन् । पहिलो, काठमाडौं लगायत शहरी क्षेत्रमा सार्वजनिक जग्गाको अभाव रहेको छ । शहरी क्षेत्रमा खाली भूमि सीमित भएकाले भर्टिकल विकास आवश्यक हुन्छ । थोरै जग्गामा अग्ला सामाजिक आवासका लागि अपार्टमेन्टहरू बनाउने र धेरै परिवारलाई सुरक्षित र व्यवस्थित ढंगले मर्यादापूर्वक बसोबास गर्ने व्यवस्था मिलाउनु आवश्यक छ । दोस्रो, राज्यको क्षमतालाई ध्यान दिने हो भने विकास पूर्वाधारको लागत घटाउनु जरुरी छ । एउटै भवनमा खानेपानी, बिजुली, ढल, इन्टरनेट, सुरक्षा, फोहोर व्यवस्थापन लगायत सेवा-सुविधा उपलब्ध गराउन सजिलो हुन्छ । तेस्रो र महत्वपूर्ण सवाल भनेको रोजगारीको संरक्षण हो । काठमाडौं लगायत अधिकांश शहरी क्षेत्रका धेरै सुकुमवासी तथा अव्यवस्थित बसोबासी परिवार शहरको अनौपचारिक अर्थतन्त्रको मेरुदण्ड नै हुन् । उनीहरूलाई शहरबाट धेरै टाढा स्थानान्तरण गर्दा उनीहरूको रोजगारी गुम्ने, यातायात खर्च बढ्ने, सामाजिक सम्बन्ध कमजोर हुने लगायत विभिन्न समस्या आउँछन् । शहरले पनि अनौपचारिक कामदारलाई महँगो मूल्य तिर्नुपर्ने हुन्छ । यसैले सुकुमवासी र अव्यवस्थित बसोबासीलाई विगतमा उनीहरू बसोबास गरिरहेको क्षेत्रमै वा त्यसको नजिकै वा रोजगारी केन्द्रसँग जोडिएको स्थानमा बहुतले सामाजिक आवास भवनहरू निर्माण गरी व्यवस्थित गरिनु उपयुक्त हुन्छ । सामाजिक आवास निर्माणको कार्य नेपाल सरकारले मात्र पनि गर्नुपर्दैन । यसको लागि कानूनी र नीतिगत व्यवस्था सरकारले गर्ने हो भने सार्वजनिक निजी साझेदारी मोडल मार्फत यस्ता सामाजिक आवास भवनहरू निर्माण गरी सञ्चालन गर्न सकिन्छ । यसको लागि सरकारले आवश्यक नीति, कानून र मापदण्ड बनाउने, आवश्यक जग्गा व्यवस्थापन, वास्तविक लाभग्राही पहिचान र आवश्यक अनुदान तथा सहुलियत प्रदान गर्ने हो भने निजी क्षेत्रले अपार्टमेन्ट निर्माण, प्राविधिक व्यवस्थापन तथा मर्मतसम्भारको काम गर्न सक्दछन् । यसैगरी लाभग्राही परिवारले पनि न्यूनतम मासिक योगदान वा सहुलियत भाडा प्रणाली मार्फत आवासलाई प्रयोग गर्न सक्छन् । यसैगरी, थाइल्याण्डको बान मानकोङ कार्यक्रम मार्फत समुदायमा आधारित आवास सुधारको कार्यक्रमलाई सहकारी मोडलमा सञ्चालन गरेको छ । यी र यस्ता उदाहरणबाट नेपालले पनि सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक अवस्था अनुसार यस्ता अनुभवबाट सिक्न सक्दछ । भूमि वितरण भन्दा सामाजिक आवासको यी अनुभव नेपालको लागि पनि महत्वपूर्ण सन्दर्भ सामग्री हुन सक्दछन् । यसर्थ नेपालमा पनि सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको लागि शहरी क्षेत्रमा भूमि वितरण गर्ने परम्परा भन्दा माथि उठेर राष्ट्रिय आवास नीति बनाउन आवश्यक छ । उक्त नीतिले सामाजिक आवास कार्यक्रम तय गर्ने, न्यूनतम लागतमा सुरक्षित आवासको व्यवस्था गर्ने, सुकुमवासी तथा विपन्न वर्गको लागि रोजगारीका अवसर भएकै स्थानमा न्यून भाडामा आवास उपलब्ध गराउने, सार्वजनिक निजी साझेदारीको व्यवस्था तथा जोखिम क्षेत्रको बसोबास नियन्त्रण गर्ने लगायत सवाल समेटिनुपर्दछ । काठमाडौं महानगरपालिका लगायत शहरी क्षेत्रमा रोजगारीको क्षेत्र नजिककै सार्वजनिक निजी साझेदारीमा आधारित सामाजिक आवास मोडल नै व्यावहारिक र दिगो विकल्प हो । त्यसैले सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान भनेको भूमि वितरण जस्ता राजनीतिक कार्यक्रम भन्दा पनि नागरिकको आवासको संवैधानिक हकको सुनिश्चितता गर्ने सामाजिक न्यायको कार्यक्रम हो । नेपालले अब साना टुक्रे जग्गा वितरण गर्ने भन्दा पनि सुरक्षित भविष्य निर्माण गर्ने सुविधा सहितको सामाजिक आवासको नीति अपनाउने समय आएको छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

**मेष** : दिन संघर्षशील रहनेछ। नोकरी वा पेशामा प्रतिस्पर्धात्मक चलखेल बढ्नेछ।
**वृष** : रचनात्मक कार्यमा मन लाग्नेछ। कार्यको सम्पादनले मन ढुक्क रहनेछ।
**मिथुन** : मन चिन्तित जनक रहनेछ। सफलताको लागि केही वस्तु त्याग गर्नुपर्ला।
**कर्कट** : कामको चापबाट फुर्सद पाइनेछ। प्रेम वा मित्रताको बन्धन कसिनेछ।
**सिंह** : कार्य सम्पादन गर्न सकिनेछ। साहित्य वा लेखन कलामा निखार आउनेछ।
**कन्या** : समय निकै उत्साहजनक रहनेछ। विशेष उपलब्धि हात पार्न सकिनेछ।
**तुला**: अधिकारी स्थापित गर्न सकिनेछ। सन्तोषजनक परिणाम हाथ नलाग्ला।
**वृश्चिक** : कामले आशा जगाउनेछ। माननीय व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ।
**धनु** : पेशामा प्रभावशाली व्यक्तिसँग सम्पर्क बढ्नेछ। आँटिको कार्यसम्पादन गर्न सकिनेछ।
**मकर** : समय अनुसार योजनामा सफलता हात लाग्नेछ। आर्थिक पक्ष सबल रहनेछ।
**कुम्भ**: राज्यपक्ष र प्रशासनिक क्षेत्रबाट लाभ मिल्नेछ। अड्केका कार्य पूरा हुनेछ।
**मीन** : ढिला भएको कार्यले गति लिनेछ। पेशामा सहयोगीहरूबाट सहयोग मिल्नेछ।

## कला मनोरञ्जन

# ‘रोड टु एभरेस्ट’ को फर्स्ट लुक पोस्टर र अफिसियल टिजर सार्वजनिक

सगरमाथाको साहस, रहस्य, आरोहणको जोखिम र जलवायु परिवर्तनको प्रभावलाई केन्द्रमा राखेर निर्माण गरिएको वृत्तचित्र ‘रोड टु एभरेस्ट’ को फर्स्ट लुक पोस्टर तथा अफिसियल टिजर सार्वजनिक गरिएको छ । निर्माण पक्षका अनुसार वृत्तचित्रले समुद्री सतहदेखि विश्वको सर्वोच्च शिखरसम्मको वास्तविक यात्राको कथा प्रस्तुत गर्छ । ५० वर्ष नाघेका एक व्यक्तिले उमेर, समय र आफ्नै सीमालाई चुनौती दिँदै सगरमाथा आरोहणको सपना पछ्याएको प्रेरणादायी यात्रालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ । वृत्तचित्रले सगरमाथाको भव्यतासँगै आरोहणको जोखिम, शेर्पा समुदायको योगदान, मानव साहस तथा जलवायु परिवर्तनका कारण बदलिँदै गएको हिमाली वातावरणलाई समेत समेटेको छ । सगरमाथालाई केवल हिमालका रूपमा नभई साहस र अठोटको प्रतीकका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको निर्माण पक्षले जनाएको छ । निर्मल श्रेष्ठको निर्देशनमा निर्माण भएको वृत्तचित्रमा कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पा र निमा ग्याल्जेन शेर्पा आरोहीका रूपमा देखिनेछन् । फुर्वाले १८ पटक र निमाले विश्वका १४ अग्ला हिमालसहित १० पटक सगरमाथाको सफल आरोहण गरिसकेका छन् । विनोद गुरुङ, सुरज गुरुङ र निर्मल श्रेष्ठ पनि वृत्तचित्रका महत्वपूर्ण पात्रका रूपमा रहेका छन् । निर्माण टिमका अनुसार ‘रोड टु एभरेस्ट’को नेपाल प्रिमियर भदौ ६ (२२ अगस्ट २०२६) मा काठमाडौंमा हुनेछ । अन्तर्राष्ट्रिय प्रिमियर भने भदौ २८ (१३ सेप्टेम्बर २०२६) मा हङकङबाट सुरु हुनेछ । त्यसपछि नेपालसँगै विभिन्न अन्तर्राष्ट्रिय मञ्च तथा सिनेमा हलमा वृत्तचित्र प्रदर्शन गर्ने तयारी गरिएको छ । दुई वर्षको अनुसन्धान, छायांकन र निर्माण प्रक्रियापछि तयार भएको वृत्तचित्रको कथा सञ्चारकर्मी सन्तोष आचार्य र निर्मल श्रेष्ठले लेखेका हुन् । भुषण दाहालको भ्वाइसओभर रहेको वृत्तचित्र नेपाली र अंग्रेजी भाषामा तयार गरिएको छ । नितान्त नेपाली प्राविधिकको संलग्नतामा कुनै पनि कृत्रिम दृश्य समावेश नगरी समुद्री सतहदेखि सगरमाथाको शिखरसम्मको वास्तविक यात्रा समेटिएको यो नै पहिलो सगरमाथासम्बन्धी वृत्तचित्र भएको निर्माण पक्षको दाबी छ । सामाजिक संस्था ‘वी विल राइज फाउन्डेसन’ले निर्माण गरेको“श्र वृत्तचित्रले विश्वभर नेपालको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्‍याउने उद्देश्य राखेको जनाएको छ । सार्वजनिक गरिएको पोस्टर तथा टिजरमा दृश्य सौन्दर्यसँगै भावनात्मक, जोखिमयुक्त यात्रा र अदम्य साहसको झलक प्रस्तुत गरिएको छ । वृत्तचित्रको अवधि ५० मिनेट रहेको छ ।




*-रातोपाटी डटकम*

# ‘सुपर कमेडी लिग’को औपचारिक घोषणा, राजेश हमाल मुख्य निर्णायक

नेपालको पहिलो ‘कमेडी एक्ट’मा आधारित रियालिटी शो ‘सुपर कमेडी लिग’को औपचारिक घोषणा गरिएको छ । आइतबार काठमाडौंमा आयोजित विशेष कार्यक्रममार्फत शोको घोषणा गरिएको हो । कार्यक्रममा बोल्दै अभिनेता राजेश हमालले ‘सुपर कमेडी लिग’ आफ्नो लागि अन्य टेलिभिजन कार्यक्रमभन्दा फरक र विशेष रहेको बताए । टेलिभिजन प्रस्तोताका रूपमा लामो समयदेखि काम गर्दै आएपनि कमेडीमा आधारित रियालिटी शोमा सहभागी हुन लागेको यो पहिलो अनुभव भएको उनले बताए । हमालले कमेडी विधा कलाकारिताको सबैभन्दा चुनौतीपूर्ण विधामध्ये एक भएको उल्लेख गरे । दर्शकलाई हँसाउनु निकै कठिन काम भएको भन्दै उनले कमेडी कलाकारप्रति आफ्नो उच्च सम्मान रहेको बताए । उनले भने, ‘व्यक्तिलाई भावनामा ल्याएर रुवाउनु वा प्रेमका कुरा गर्नु तुलनात्मक रूपमा सहज हुन सक्छ । तर कमेडी गरेर व्यक्तिलाई हँसाउनु अत्यन्त चुनौतीपूर्ण काम हो । त्यसका लागि विशेष किसिमको हास्यचेत आवश्यक हुन्छ ।’ ‘सुपर कमेडी लिग’मा आफू मुख्य निर्णायकको भूमिकामा रहे पनि प्रतियोगीलाई अंक दिने जिम्मेवारी भने आृनो नरहेको हमालले स्पष्ट पारे । प्रतियोगीहरूको प्रस्तुति हेरेर आवश्यकताअनुसार सकारात्मक तथा आलोचनात्मक सुझाव दिने उनको भूमिका रहनेछ । शोमा देशभरका विभिन्न सहरबाट कमेडी कलाकार छनोट गरी उनीहरूलाई आफ्नो प्रतिभा तथा प्रस्तुति देखाउने अवसर प्रदान गरिने जनाइएको छ । नयाँ पुस्ताका कलाकारसँगै लामो समयदेखि कमेडी क्षेत्रमा सक्रिय कलाकारहरूको प्रस्तुतिसमेत हेर्न आफू उत्साहित रहेको हमालले बताए । हमालका अनुसार ‘सुपर कमेडी लिग’को अवधारणामाथि करिब एक वर्षदेखि तयारी भइरहेको थियो । कार्यक्रम निर्देशक आलन श्रेष्ठसँग लामो समयदेखि छलफल तथा गृहकार्य गरेपछि शोको औपचारिक घोषणा गरिएको उनले जानकारी दिए । ‘यो अचानक आएको कार्यक्रम होइन । करिब एक वर्षदेखि यसबारे छलफल र तयारी भइरहेको थियो । अहिले हामी कार्यक्रमका लागि तयार अवस्थामा छौं,’हमालले भने । कमेडी कलाकारहरूको निरन्तरता र दर्शकमाझ लोकप्रियता आफैँमा ठूलो उपलब्धि भएको बताउँदै हमालले लामो समयदेखि कमेडी क्षेत्रमा सक्रिय कलाकारहरूको प्रशंसा गरे । नयाँ पुस्ताका प्रतियोगीहरूले प्रस्तुत गर्ने हास्यशैली र उनीहरूको ‘सेन्स अफ ह्युमर’ हेर्न आफू विशेष उत्सुक रहेको पनि उनले बताए । कार्यक्रममा हमालले जीवनमा हाँसोको महत्त्वसमेत उल्लेख गरे। हाँसो मानिसको जीवनका लागि आवश्यक रहेको भन्दै उनले ‘सुपर कमेडी लिग’ले नेपाली दर्शकलाई मनोरञ्जन प्रदान गर्ने विश्वास व्यक्त गरे । उक्त सो कलाकार विल्सन विक्रम राई, लुनिभा तुलाधर, रविन्द्र झा र सुरक्षा पन्तले क्याप्टेन तथा मेन्टरको जिम्मेवारी सम्हाल्नेछन् । कार्यक्रमका लागि देशका पाँच प्रमुख शहरमा अडिसन आयोजना गरिनेछ ।*-डिसी नेपाल डटकम*



# ‘गौँथली’ टिमलाई गाउँपालिका राष्ट्रिय महासंघको सम्मान

चलचित्र ‘गौँथली’ले मनोरञ्जनसँगै बालविवाह न्यूनीकरण, छोरीको शिक्षा तथा फरक क्षमता भएका व्यक्तिप्रतिको सामाजिक दृष्टिकोण परिवर्तनका लागि दिएको सन्देश प्रभावकारी बन्दै गएको छ । स्थानीय तहले सञ्चालन गरिरहेका बालबालिकासम्बन्धी अभियान तथा जनचेतनामूलक कार्यक्रमलाई सहयोग पुग्नेगरी चलचित्र निर्माण भएको भन्दै गाउँपालिका राष्ट्रिय महासंघ नेपालले ‘गौँथली’को टिमलाई सम्मान गरेको छ । महासंघले चितवनमा आयोजित कार्यक्रममा चलचित्रका निर्देशक डा.कपिल रिजाल, अभिनेता अरुण क्षेत्री र अभिनेत्री सिम्रन खड्कालाई सम्मान गरेको हो ।

स्थानीय तहबाट सञ्चालन भइरहेका ‘बालविवाहमुक्त पालिका’ अभियान तथा फरक क्षमता भएका व्यक्तिको अधिकार र सम्मानका विषयमा भइरहेका जनचेतनामूलक गतिविधिमा चलचित्र ‘गौँथली’ले महत्त्वपूर्ण योगदान पुर्‍याउने महासंघको विश्वास छ । सम्मानपछि निर्देशक डा.कपिल रिजालले चलचित्रले उठाएका विषयलाई बुझेर त्यसको सामाजिक सन्देशलाई आत्मसात् गरेकोमा गाउँपालिका राष्ट्रिय महासंघप्रति आभार व्यक्त गरे । उनका अनुसार ‘गौँथली’केवल मनोरञ्जनका लागि निर्माण गरिएको चलचित्र नभई सामाजिक सोच र व्यवहार परिवर्तनको उद्देश्यसहित तयार गरिएको चलचित्र हो । चलचित्रमा ‘ठूले’को भूमिका निर्वाह गर्नुभएका अभिनेता अरुण क्षेत्रीले आफूले निर्वाह गरेको पात्रले फरक क्षमता भएका व्यक्तिलाई प्रेरणा दिएको प्रतिक्रिया पाएको बताए । उनका अनुसार ‘ठूले’को चरित्रले सामाजिक विभेद, पूर्वाग्रहभन्दा माथि उठेर निस्वार्थ सहयोग र मानवीयताको सन्देश दिन्छ । यही कारण उक्त पात्र दर्शकमाझ प्रभावकारी बनेको उनको भनाइ छ । ‘ठूलेले धेरैलाई प्रेरणा दिएको खबर मैले पाएको छु । त्यो पात्रले चलचित्रमा निस्वार्थ रूपमा गरेका कार्यले सामान्य मान्छेलाई पनि एकपटक आफूलाई समीक्षा गर्न बाध्य बनाउँछ,’ क्षेत्रीले भने, ‘मैले कलाकारितामा निकै मिहिनेत र इन्जोय गरेको पात्र हो- ठूले ।’ चलचित्रमा शीर्ष भूमिका निर्वाह गरेकी अभिनेत्री सिम्रन खड्काले ‘गौँथली’मार्फत आफूले अवसरसँगै चुनौती पनि पाएको बताए । छोरीले आफ्ना इच्छा र सपना त्याग्नुभन्दा त्यसका लागि संघर्ष गरेर सफलता हासिल गर्नुपर्ने सन्देश चलचित्रले दिएको उनको भनाइ छ । ‘गौँथलीले छोरी मान्छेले आफ्नो इच्छालाई मार्न नभई संघर्ष गरेर त्यसमा सफलता प्राप्त गर्नुपर्छ भन्ने प्रेरणादायी सन्देश दिएको छ,’ खड्काले भने, ‘नेपालभरका दर्शक भेट्दा हामीले फिल्ममार्फत भन्न खोजेको भावनालाई उहाँहरूले बुझ्नुभएको पाएका छौं ।’ सामाजिक विषयवस्तुलाई केन्द्रमा राखेर निर्माण गरिएको ‘गौँथली’ले बक्स अफिसमा समेत उल्लेखनीय सफलता हासिल गरिरहेको छ । साउन १ गतेदेखि प्रदर्शनमा आएको यो चलचित्र प्रदर्शनको चौथो सातामा प्रवेश गर्दा पनि दर्शकको आकर्षणमा कमी आएको छैन । ‘गौँथली’मा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायतका कलाकारको अभिनय छ । बालकलाकारका रूपमा अंशु ओली र प्रिन्स नेपालीले अभिनय गरेका छन् । डा.भोला रिजालको कथा रहेको चलचित्रको पटकथा तथा संवाद लेखनमा निर्देशक डा.कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन् । भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको यस चलचित्रको कार्यकारी निर्माता सरला रिजाल छन् । निर्माताको रूपमा सुमन गिरी र डा.कपिल रिजाल हुनुहुन्छ भने इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सहनिर्माताको रूपमा रहेका छ । चलचित्रको वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडी कम्पनीले गरेका छन् ।



*-इहिमालयन डटकम*

# पत्नी सुनीतालाई गोविन्दाको प्रश्न, ‘सफलता पाउन अरूलाई बदनाम नै गर्नुपर्छ र ?’

भारतीय अभिनेता गोविन्दाले आफ्नी पत्नी सुनीता आहूजाले लगाएका अफेयरका आरोपबारे मुख खोलेका छन् । सार्वजनिक रूपमा आफ्नाविरुद्ध नकारात्मक कुरा गरेर सुनीताले चर्चा कमाइरहेको टिप्पणी गोविन्दाले गरेका छन् । सफलता पाउनका लागि अरूलाई बदनाम गर्नैपर्ने हो भन्दै उनले प्रश्नसमेत उठाएका छन् । ‘उनी मलाई धेरै मायाले गाली गर्छिन्,’ पत्नीका आरोपबारे एएनआईसँग कुरा गर्दै गोविन्दाले भने, ‘म उनका हातबाट खान्छु पनि ।’ भगवानले दिएको भूमिकाबिना कोही पनि सफल हुन नसक्ने उनको भनाइ छ। आफ्नाबारे खुलेर बोलेपछि सुनीताले चर्चा पाएको तर्फ संकेत गर्दै उनले धेरै कुराहरू व्यक्त नगरिने बताए । ‘दूरी बनाउनका लागि आरोप लगाउनै पर्छ र,’ उनले असन्तुष्टि जनाए, ‘तर मानिसहरू यसलाई बाहिर निस्कने सजिलो बाटो मान्छन् ।’ सुनीताले पहिला प्रशंसा गर्ने र पछि नराम्रो कुरा गर्ने गरेको बताउँदै यसमा पनि आफूले माया नै देख्ने उनले स्पष्ट पारे । केही समयअघि सुनीता ‘लक अप २’ कार्यक्रममा सहभागी भएकी थिइन् । त्यस क्रममा उनले गोविन्दाका पुराना अफेयरबारे कुरा गरेकी थिइन् । ‘मायामा हरेक कुरा सहन सक्ने क्षमता हुनुपर्छ,’ सुनीताले भनेकी थिइन्, ‘चीचीको जवानीमा धेरै अफेयरहरू थिए। उतिबेला मैले बेवास्ता गरेँ तर अब गर्दिनँ ।’ उनले गोविन्दामाथि अर्कै महिलासँग सम्बन्ध राखेको र धोकेबाज भएको आरोप पटक-पटक लगाउँदै आएकी छन् । यस्तै चर्चा चलिरहँदा गोविन्दा अभिनेत्री कोमल रानी स्वर्णकारसँग विमानस्थलमा देखिएका छन् । सुनीताले भने केही समयअघि मात्र आफूलाई कोमल नामसँगै नफरत रहेको बताएकी थिइन् । मिस मालिनीलाई दिएको एक अन्तर्वार्तामा उनले जवानीमा गल्ती हुने भए पनि ६३ वर्षको उमेरमा यस्ता कुरा सुन्नु सही नभएको बताएकी थिइन् । अन्तर्वार्ताकारको नाम पनि कोमल भएको थाहा पाएपछि उनले अचम्म मानिन् । ‘यो नाम अलि गडबड छ,’ उनले भनिन्, ‘मलाई कोमल नामसँग नफरत छ । एउटा कोमल छ, जोसँग मलाई घृणा छ ।’ सोही अन्तर्वार्तामा सुनीताले अहिलेका नयाँ केटीहरूलाई आफ्नो खर्च चलाउन धनी अभिभावक वा सहारा चाहिने दाबी गरिन् । ‘अनुहार गतिलो हुँदैन तर हिरोइन बन्नु परेको छ,’ आक्रोश पोख्दै उनले भनिन्, ‘अनि फसाउने र ब्ल्याकमेल गर्ने गर्छन् ।’ गोविन्दालाई लक्षित गर्दै उनले सुन्दर श्रीमती र बालबच्चा भइसक्दा पनि ६३ वर्षको उमेरमा यस्ता काम गर्न नसुहाउने बताइन् । यता गोविन्दा ७ वर्षपछि बलिउडमा पुनरागमन गर्दैछन् । उनी आफ्नै प्रोडक्सनको फिल्म ‘रूपा’ बाट कोमललाई पनि सार्वजनिक गर्दैछन् । यसबाहेक कोमल गोविन्दाको दोस्रो फिल्म ‘दुनियादारी’ मा पनि रहने खबर बाहिरिएको छ । गत जुलाईमा भएको पत्रकार सम्मेलनमा गोविन्दाले कोमलको परिचय गराउँदै उनको अभिनयको निकै प्रशंसा गरेका थिए । गोविन्दा र सुनीता आहूजाको विवाह सन् १९८७ मा एक निजी समारोहबिच भएको थियो । उतिबेला गोविन्दा बलिउडका स्टार बनिसकेका थिए । आफ्नो करियर बचाउन उनीहरूले करिब दुई वर्षसम्म विवाहको कुरा गोप्य राखे । छोरी टीना आहूजाको जन्मपछि मात्र उनीहरूले विवाहको कुरा सार्वजनिक गरेका थिए । पछि उनीहरूका छोरा यशवर्धन आहूजाको जन्म भएको थियो ।*-सेतोपाटी डटकम*



# आज अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै




**पाल्पा,** साउन २६/ युवाको भूमिका, क्षमता र योगदानलाई सम्मान गर्दै आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदैछ । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष अगस्ट १२ मा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिन्छ । युवाका मुद्दा र सवाललाई सम्बोधन गर्ने उद्देश्यले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा मनाउने गरिएको हो ।

नेपालमा भने युवासँग काम गर्ने संघसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि दिवस मनाउन थालिएको पाइन्छ । सरकारी स्तरमा परिषद्को अगुवाइमा विसं २०७३ देखि मनाउन थालिएको हो । सरकारले विसं २०७२ मा युवा परिषद् गठन गर्दै युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ । दिवसका अवसरमा युवाको नेतृत्व विकास, शिक्षा, रोजगारी, उद्यमशीलता, सामाजिक सहभागिता तथा निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिताका विषयमा विभिन्न कार्यक्रम आयोजना गरिँदै आएका छन् । नेपालमा पनि युवा लक्षित सरकारी तथा गैरसरकारी संघसंस्थाले विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाउने तयारी गरेका छन् । युवाको क्षमता र सिर्जनशीलतालाई राष्ट्र निर्माणमा उपयोग गर्नुपर्नेमा जोड दिँदै अन्तरक्रिया, सचेतना कार्यक्रम, कार्यशाला, खेलकुद तथा विभिन्न सामाजिक गतिविधि आयोजना गरिँदैछन् । देशको ठूलो जनसंख्या युवा रहेकाले युवालाई गुणस्तरीय शिक्षा, सीपमूलक तालिम, रोजगारी र उद्यमशीलताको अवसर उपलब्ध गराउनु आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् । पछिल्लो समय रोजगारीका लागि ठूलो संख्यामा युवा विदेशिनुपर्ने अवस्था रहेकाले स्वदेशमै अवसर सिर्जना गर्नुपर्ने विषय पनि दिवसका अवसरमा प्राथमिकताका साथ उठ्ने गरेको छ । युवालाई विकासका साझेदारका रूपमा अघि बढाउँदै उनीहरूको क्षमता, ऊर्जा र नवीन सोचलाई देशको आर्थिक तथा सामाजिक विकासमा प्रयोग गर्न सके समृद्ध राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## खेलकुद समाचार

### सन्दीप फेरि राष्ट्रिय क्रिकेट टोलीको कप्तानमा नियुक्त

**काठमाडौं,** साउन २५/राष्ट्रिय एकदिवसीय क्रिकेट टोलीको कप्तानमा लेग स्पिनर सन्दीप लामिछाने नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ ( क्यान) ले हिजो रोहित पौडेललाई हटाउँदै सन्दीपलाई ओडीआईको कप्तानमा नियुक्त गरेको हो । क्यानको यो निर्णयले सन्दीप ४ वर्षपछि कप्तानको जिम्मेवारीमा फर्किएका छन् । यसअघि २०७९ मा कप्तान बनेका सन्दीपलाई बलात्कार मुद्दा लागेपछि जिम्मेवारीबाट हटाइएको थियो । सन्दीपले मलेसियामा हुने एसीसी प्रिमियर कपबाट नेपालको कप्तानी सम्हाल्नेछन् । सन्दीप कप्तान रहेको टोलीमा आसिफ शेख, अर्जुन कुमाल, रोहित पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, बसिर अहमद, इशान पाण्डे, गुल्सन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी र हेमन्त थामी छन् । यस्तै "नियमित ओपनर कुशल भुर्तेल र सोमपाल कामीको नाम टोलीमा समावेश गरिएको छैन । आईसीसी विश्वकप लिग-२ मा नेपालको प्रदर्शन खराब बनेसँगै कप्तान परिवर्तन गरिएको हो । योसँगै रोहितले ओडिआई र टी-२० दुवैको कप्तानी गुमाएका छन् । क्यानले यसअघि दीपेन्द्रसिंह ऐरीलाई टी-२० को कप्तान नियुक्त गरेको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.5344785 H का NK टोप बहादुर थापा (ना.प्र.मा टोप बहादुर झेडी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ज्ञानु माया थापा र जन्म मिति सन् १९६८ जुन १५ (वि.स.२०२५/०३/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा ज्ञानु माया झेडी, जन्म मिति वि.स. २०२०/०१/०५ (सन् १९६३ अप्रिल १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 617529 N का सुवेदार लोक बहादुर थापा (ना.प्र.मा लोक बहादुर मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा इन्द्रा देवी र जन्म मिति सन् १९६४ जुन ३० (वि.स.२०२१/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा इन्द्रा देवी ठाडा मगर, जन्म मिति वि.स. २०२०/०४/१६ (सन् १९६३ जुलाई ३१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.5243615 X का हवलदार चित्र बहादुर झेडी (ना.प्र.मा लाल बहादुर झेडी मगर भन्ने चित्र बहादुर झेडी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवि सरा र जन्म मिति सन् १९६१ मार्च ३ (वि.स.२०१७/११/२०) र नेपाली नागरिकता प्रमाणपत्रमा देवि सरा झेडी, जन्म मिति वि.स. २०१४/०८/२२ (सन् १९५७ डिसेम्वर ७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लमडाँडा गाविस-३, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5745205 H का NK केश बहादुर थापा (ना.प्र.मा केश बहादुर वराल थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा अमृता मगर्नी र जन्म मिति सन् १९५५ अगष्ट १२ (वि.स.२०१२/०४/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा अमृता वराल, जन्म मिति वि.स. २०११/०२/०५ (सन् १९५४ मे १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना




सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5449048 A का NK निर्मल प्रसाद थापा (ना.प्र.मा निर्मल चन्द्र उपाध्याय) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सिता देवी थापा र जन्म मिति सन् १९६८ मे २९ (वि.स.२०२५/०२/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा सिता उपाध्याय, जन्म मिति वि.स. २०२४/०५/२७ (सन् १९६७ सेप्टेम्वर १२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-८, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5345577 A का NK रोबर सारु (ना.प्र.मा रोवर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा बसन्ती गाहा र जन्म मिति सन् १९६४ अगष्ट २ (वि.स.२०२१/०४/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा बसन्ती गाहा सारु, जन्म मिति वि.स. २०२१/०४/१८ (सन् १९६४ अगष्ट २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 419067 F का NB/Sub नर बहादुर थापा (ना.प्र.मा नर बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सुमित्रा थापा र जन्म मिति सन् १९५८ जुलाई १ (वि.स.२०१५/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा सुमित्रा गाहा थापा, जन्म मिति वि.स. २०१४/०९/२० (सन् १९५८जनवरी ३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 623637 N का सुवेदार याम बहादुर थापा (ना.प्र.मा याम बहादुर चिदी मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गंगा देवी थापा र जन्म मिति सन् १९६७ मार्च ५ (वि.स.२०२३/११/२१) र नेपाली नागरिकता प्रमाणपत्रमा गंगा देवी चिदी, जन्म मिति वि.स. २०२२/०१/१२ (सन् १९६५ अप्रिल २४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बगनासकाली गाउँपालिका-६ (यम्घा गाविस-७), हाल तानसेन नगरपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं.JC 602351 L का H/Lt घन बहादुर थापा (ना.प्र.मा घन बहादुर बराल) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा केश माया थापा र जन्म मिति सन् १९६८ जुन ५ (वि.स.२०२५/०२/२३) र नेपाली नागरिकता प्रमाणपत्रमा केश माया बराल, जन्म मिति वि.स. २०२५/०२/२३ (सन् १९६८ जुन ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बौवागुम्हा गाविस-५, हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं.JC 607006 H का Nb/Sub भद्र बहादुर थापा (ना.प्र.मा भद्र बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दल कुमारी र जन्म मिति सन् १९५५ डिसेम्वर १ (वि.स.२०१२/०८/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा दल कुमारी थापा, जन्म मिति वि.स. २०१२/०८/१६ (सन् १९५५ डिसेम्वर १) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई